# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# छविस पाथिभेरा गाउँपालिका
# बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

## महालेखापरीक्षकको कार्यालय
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
छबिस पाथिभेरा गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं

मितिः २०७७।३।२६

श्री प्रमुखज्यू,
छविसपाथिभेरा गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **छविसपाथिभेरा गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ८७ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८४ लाख ३५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ३ लाख ५४ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु ५८ लाख ८९ हजार र रु ४० लाख २८ हजार पेश्की बाँकी रहेको छ ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक(या सहित १ दफाको रु १७ लाख ४३ हजार आवस्यक प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइ)एको छ । अन्य दफा बेरुजु फछ्र्यौ)ट नभइ) कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ .चौविसं यसैसाथ र्सलग्न छ ।

४ आम्दानी तथा खच)को स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# छविसपाथिभेरा गाउँपालिका,बझाङ
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने छविस पाथिभेरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यस पालिका अर्न्तगत ७ वडा रहेको छन् । ११६.३५ वर्ग कि.मि.मा फैलिएको यस गाउँपालीकामा जम्मा जनसंख्या २२७३५ रहेको छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

**छविस पाथिभेरा गाउँपालिका**

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | **४०२५६५०२.२२** | **१** | **चालु खर्च** | **२४२३८१५८६.९६** |
| | क) नगद | | **२** | **पूँजीगत खर्च** | **११२४४४५६१.८६** |
| | ख) बैंक | ४०२५६५०२.२२ | **३** | **वित्तीय व्यवस्था भुक्तानी** | ३५४८२६१४८.८२ |
| **२** | **राजस्व (आन्तरिक आय)** | **४६९०८५६०.३४** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | २३३३२११.३१ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ४४५७५३४९.०३ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | **४** | **लगानी** | |
| **३** | **वित्तीय हस्तान्तरण** | **२५८८५४२५५.९६** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | १०१७००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १५७१५४२५५.९६ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | **५** | **समपुरक अनुदान** | |
| | घ) विशेष अनुदान | | **६** | **धरौटी फिर्ता** | **२००००.००** |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **६८०८०००.००** | **७** | **कोष खर्च** | **००** |
| | क)वित्तीय समानीकरण अनुदान | ६८०८०००.०० | **८** | **मौज्दात** | **४४६८७६९९.३९** |
| | ख) सशर्त अनुदान | | | क) नगद मौज्दात | ०० |
| | ग) समपूरक अनुदान | | | ख) बैंक मौज्दात | ४६७४०८६७.५५ |
| | घ) विशेष अनुदान | | | ग) विपत व्यवस्थापन कोष | ५०००००.०० |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | घ) राजस्व खाता | २१८५१८.०० |
| **६** | **वित्तीय व्यवस्था प्राप्ति** | | | चेक साट्न वाँकी | (२७७१६८६.१६) |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| **६** | विभिन्न कोषतर्फको आय | **५०००००.००** | | | |
| **८** | जनसहभागिता (नगद) | | | | |
| **९** | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| **१०** | धरौंटी आय | **७७१५१.६९** | | | |
| **११** | लगानीको साँवा फिर्ता | | | | |
| **१२** | अन्य विविध आय (जेष्ठ नागरीक अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमता विकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर र शिक्षा निर्देशनालय) | **४६१२९३७८.००** | | | |
| | **जम्मा** | **३९९५३३८४८.२१** | | **जम्मा** | **३९९५३३८४८.२१** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाउँपालीकाले प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको देखिन्छ । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण मिति २०७५/३/१० मा सभामा पेश गरि मिति २०७५/३/११ मा गाउँसभाबाट पारीत गरेको छ । | |
| ३ | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन । | |
| ४ | **संचितकोष** : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थिक वर्षको अन्त्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्नेमा शुन्य गरेको छैन् । असार मसान्त सम्म चालु खातामा रु.७१,४४,५७०।२१ मौज्दात रहेकोमा मिति २०७६ श्रावण २७ मा रु.४३,६८,९८४।०५ मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गरेको छ । गाउँपालीकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५ | **लक्ष्य प्रगतिको स्थिति** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका विषय क्षेत्रगत कार्यक्रमको भार भारित सहितको प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले आ.व.०७५/७६ को समग्र प्रगति प्रतिवेदन तयार गरेको भए पनि कार्यालयले विषय क्षेत्रगत आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा वातावरण, महिला तथा वालवालिका, पूर्वाधार विकास आदिको कार्यान्वयन स्थिति देखिने वार्षिक प्रगति प्रतिवेदन तयार गरी वार्षिक रुपमा प्रगतिको समिक्षा हुनुपर्दछ । | |
| ६ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ | |

| | | |
|---|---|---|
| | तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| ७ | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने हो सो व्यहोरा खुलाउनु पर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| ८ | **आन्तरीक आम्दानी :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले रसिद नियन्त्रण खाता नराखेको, नगदी रसिद बाट प्राप्त रकम हिसाव गरी गाउँपालीकाको खातामा तोकिएको समयमा जम्मा गर्ने नगरेको । गाउँपालीकाले आन्तरीक कर दस्तुर तथा राजस्व बाँडफाड तर्फ यो वर्ष जम्मा रु.२३,२०,१२१।३१ आम्दानी गरेको छ । आन्तरिक आम्दानी तर्फ असुली र दाखिला सम्वन्धमा प्रभावकारी व्यवस्थापन नगरेको र राजस्व असुली र दाखिलाको विवरण संलग्न गरी मासिक फाँटवारी समेत तयार नगरेको र वडा कार्यलयहरुले दाखीला गरी पेश गरेको विवरणको आधारमा मात्र पालिकाले आम्दानी जनाउने गरेको देखिंदा सो आम्दानीको यर्थाथता यकिन गर्न सकिएन । तसर्थ सो सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनु पर्दछ । | |
| ९ | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । सामाजिक सुरक्षा पाउने नागरीकको लागि यस वर्ष रु ४,०१,०६,०००/-निकासा लिई खर्च गरेको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निर्देशिकाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । MIS उपलब्ध हुन नसक्दा Online verification गर्न सकिएन । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली लाई व्यवस्थित गर्नुपर्ने देखिएको छ । यस्तो रकम वितरणमा आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी नहुँदा सुरक्षा भत्ता वितरणमा दुरुपयोग हुने र दोहोरो निकासा हुन सक्ने हुंदा सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण जरुरी देखिन्छ । नमुना परीक्षणमा निम्न वडाहरुमा नामावली दोहोरो परेको देखियो । तसर्थ अन्य वडा हरुमा समेत यकिन गरी दोहोरो परेको असुल हुनु पर्दछ । नामावली दोहोरो गरी खर्च दावि गरेको निम्नानुसारको रकम असुल गरी वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रु<br>**वडा नं. ५** | ९२,०००/- |

| भत्ता पाउनेको नाम | किस्ता | भत्ताको किसिम | नागरीकता नं | जन्म मिति | रकम | संरक्षक |
|---|---|---|---|---|---|---|
| सन्दीप विक | पहिलो/दोस्रो/तेस्रो | वाल पोषण | | २०७२/७/६ | १६००X३=४८०० | विष्णु विक |
| अनुज कुमर धामी | पहिलो/दोस्रो | वाल पोषण | | २०७४/९/२४ | १६००X२=३२०० | मना धामी |
| प्रकाश वम | दोस्रो | पूण अपांग | २१०१७५११२८ | २०४५/१०/४५ | ८००० | |
| जम्मा | | | | | **१६०००/-** | |
| वडा नं ७ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अञ्ली धामी | पहिलो/दोस्रो/तेस्रो | वाल पोषण | | २०७२/३/१८ | १६००x३=४८०० | नवराज धामी |
| मस्मीत वोहोरा | पहिलो/दोस्रो/तेस्रो | वाल पोषण | | २०७५/३/१४ | १६००x३=४८०० | नमिता बोहोरा |
| प्रतिक्षा वोहोरा | पहिलो/दोस्रो/तेस्रो | वाल पोषण | | २०७३/२/२४ | १६००x३=४८०० | लोकराज वोहोरा |
| जम्मा | | | | | **१४४००** | |
| वडा नं.३ | | | | | | |
| लक्ष्मी देवि धामि | पहिलो/दोस्रो | जेष्ठ नागरीक अन्य | ७१३०२/३१२ | २००१/४/५/ | ८०००x२=१६००० | |
| चन्न विर सार्की | पहिलो/दोस्रो/तेस्रो | जेष्ठ नागरीक अन्य | ७११०२१/१२५ | २०१३/४/९ | ४०००x३=१२००० | |
| कल्पना कामी | दोस्रो/तेस्रो | वाल पोषण | | २०७५/५/२२ | १६००x२=३२०० | केउडी कामी |
| जम्मा | | | | | **३१२००** | |
| वडा नं.४ | | | | | | |
| विसु थापा | पहिलो/दोस्रो/तेस्रो | जेष्ठ नागरीक अन्य | ७१३०२/६२० | २००१/५/२० | ८०००x३=२४००० | |
| तुलसी खड्का | दोस्रो/तेस्रो | वालपोषण भत्ता | | २०७४/२/२४ | १६००x२=३२०० | सोनिता खड्का |
| रेयन सिंह | दोस्रो/तेस्रो | वाल पोषण | | २०७४/७/१२ | १६००x२=३२०० | मिना सिंह |
| जम्मा | | | | | **३०४००** | |
| **कुल जम्मा** | | | | | ९२,०००/- | |

१० **दैनिक भ्रमण भत्ता :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, ढंगवाट सम्पादन गर्नु गराउनु पर्ने व्यहोरा उल्लेख छ । गाउँपालीकाको यो वर्षको आन्तरीक श्रोत रु. २३,२०,१२१।३१ रहेको छ ,भने कर्मचारी वैठक भत्तामा रु.३,२५,०००/-पदाधिकारी बैठक भत्तामा रु.२७,८७,४४५/-अनुगमन तथा भ्रमण खर्चमा रु.१६,७०,१०७/-र भ्रमण खर्चमा रु.४७,९४,५४२/- समेत जम्मा रु.९५,७५,५९४ खर्च गरेको छ । कुल आम्दानीको तुलनामा ४१२ प्रतिशत वैठक र अनुगमन भ्रमणमा मात्र खर्च गर्नुले वित्तीय जवाफदेहिता पालना कमजोर रहेको देखिन्छ । अधिकासं भ्रमण विलमा उदेश्य उल्लेख नगरेको,२ दिनको कामको लागि ७ दिनको दैनिक भ्रमण भत्ता स्वीकृत गरेको,भ्रमण अभिलेख नराखेको,भ्रमण मिति अवधिमा अधिकांशमा केरमेट गरी मिति परिवर्तन गरेको पत्रकार,नागरीक समाजका पदाधिकारीलई समेत अनुगमन भनि भ्रमण स्वीकृत गरेको छ । आन्तरीक श्रोत समेतलाई मध्यनजर राखी दैनिक भ्रमण भत्तामा खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

११ **सार्वजनिक निर्माणर्फ :**

**लागत अनुमान :**सार्वजनिक खरिद नियमावली २०६४ को दफा १० मा उल्लेखित कुराहरुको समेत विचार गरी अनुसुचि १ को ढाँचामा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले ऐनको उक्त व्यवस्था बमोजिम लागत अनुमान तयार गर्नुपर्नेमा सो वमोजिम आवस्यक प्रकृया अपनाएको पाईएन । कार्यालयले लागत

अनुमान तयार गर्दा क्वान्टिटी एनालाइसिसमा ड्रइङ्ग डिजाइन अनुसार तयार नगरेको, रेट एनालाईसिस  नगरेको जस्ले गर्दा लागत अनुमान को यथार्थता र वास्तविकता सम्वन्धमा विश्वस्त हुन सकिएन । उपभोक्ता समिति र निर्माण व्यवसायीलाई वास्तविक कामको मात्र भुक्तानी नएको केही उदारहण निम्न छन् ।

| योजनाको नाम | लागत अनुमानको रकम | कैफियत |
|---|---|---|
| व्यासि विसौना पाथिभेरा सडक | ४३६९६७१.५९ | Soft Soil 60.99,BMS 82.15,SR 217.5,HR 12 देखाउनु पर्नेमा क्रमश 61.76,82,69,28204,1225.97 देखाएको |
| कोट चोघानपाटा पर्याटकिय सडक | २१६८२३१.७४ | दररेट फरक परेको |
| स्वस्थ्य तर्फको आधारभुत भवन ४,७ वडा सभा हल | ३२९३६४२.८९ | ड्रइङ्ग भन्दा फरक इस्टीमेट तयार गरेको |
| शान्ति मा.वि चौधानपाटा | ५७१७८२६.९५ | |

१२ **दोहोरा मापन भएको** : सार्वजकि खरिद नियमावली २०६४ को नियम १२३(१)ख मा निर्माण कार्यको प्राविधिक नाँपजँच गरी वास्तविक कार्यको यकिन मापनको आधारमा विलको रकम भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । सल्लेघार खतेडा देखि नौरा घट्ट मजखोरी हुदै पाथिभेरा सडकको 1+020 देखि 4+640 सम्मको चेनेजमा कार्य गर्ने गरी लागत अनुमान तयार गरेकोमा विलको भुक्तानी गर्दा चेनेज 0+000 देखि नै कार्य गरेको उल्लेख गरी नापी विताव राखेको पाइएकोले 0+000 देखि 1+020 सम्म पहिले नै काम भैसकेको हुन सक्ने भएकोले दोहोरो पर्न सक्ने देखिएकोले 0+000 देखि 1+020 सम्म पहिले काम नगरेको भए सोको आधार प्रमाण पेश गर्नु पर्ने अन्यथा परिक्षणवाट उक्त कार्य दोहोरो परेको देखिएकोले निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु.

९,५८,५६२/०६

| **कामको विवरण** | **परिमाण** | **दर** | **जम्मा** |
|---|---|---|---|
| earth work excavation | | | |
| Ordinery Soil | ३३४२.६८ | ६१.७६ | २०६४४३.९१ |
| Hard Soil | २४७१.०४ | ८२.६९ | २०४३३०.२९ |
| Ordanory Rock | १२७७.७६ | २८२.४२ | ३५७७५८.३५ |
| Medium rock | १०१६.८३ | ४६८.९५ | ४७६८४२.४२ |
| Hard Rock | ४५५ | १२२५.९७ | ५५७८१.६३ |
| total | | | १३०११५६.६० |
| less contribution 26.33% | | | ३४२५९४.५३ |
| **Total** | | | **९,५८,५६२/०६** |

१३. **दर फरक पारेको :** सार्वजकि खरिद नियमावली २०६४ को नियम १२३(१)ख मा निर्माण कार्यको प्राविधिक नाँपजँच गरी वास्तविक कार्यको यकिन मापनको आधारमा विलको रकम भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । कोट चौधानपाटा पर्यटकिय सडक निर्माणको कार्य गर्दा पहिलेनै निर्माण भएको सडकमा ५४०० रनिङ मिटर पहिरो सफा गर्न २७५३१ घ.मी.माटोको काम गरेको प्राविधिकको भनाई रहेकोले पहिरो सफा गर्दाको दरले भुक्तानी गर्नु पर्नेमा नयाँ कटान कार्यको माटोको को दरले भुक्तानी गरेकोले पहिरो सफा गर्ने र नयाँ कटानको फरक दर रु ३४.२२ को दरले २७५३१ घ.मी को वढी भुक्तानी हुन गएको रकम असुल गर्नु पर्ने रु.

९,४२,११०/८२

१४. **वैंक जमानत  वेगर पेश्की :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ बमोजिम वैंक ग्यारेन्टी लिई मोविलाइजेसन पेश्की दिनु पर्नेमा पालिकाले नियमनानुसारका निर्माण

| | | |
|---|---|---|
| | व्यवसायीलाई वैंक ग्यारेन्टी वेगर पेश्की दिएको अनियमित देखिएको रु. | १९,२३,२२८/- |

| योजनाको नाम | पेश्की रकम | निर्माण व्यवसायीको नाम |
|---|---|---|
| वडा भवन ४ | ६५९३६४ | जनसेवा कन्स्ट्रक्सन |
| वडा नं.७ | ६५९३६४ | सिपादेवी निर्माण सेवा |
| मिटिङ्ग हल | ६०४५०० | सुर्मादेवि कन्स्ट्रक्सन |
| **जम्मा** | **१९,२३,२२८/-** | |

| | | |
|---|---|---|
| १५. | **परिमाण वढी देखाएको :**सार्वजकि खरिद नियमावली २०६४ को नियम १२३(१)ख मा निर्माण कार्यको प्राविधिक नाँपजाँच गरी वास्तविक कार्यको यकिन मापनको आधारमा विलको रकम भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । महादेव प्रावि विद्यालयको भवन निर्माण कार्यको भुक्तानी दिंदा वास्तविक हुनु पर्ने परिमाण भन्दा वढीको लागत अनुमान तयार गरी सोही वमोजिम नापिकितावमा निम्नानुसार वढी परिमाण देखाई भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित प्राविकिलाई जिम्मेवार वनाई सोको.उपभोक्ता समितिवाट असुल हुनु पर्ने देखिएको रु | १,७३,०७८/४ |

| कामको विवरण | देखाएको परिमाण | हुनु पर्ने | फरक | दर | जम्मा |
|---|---|---|---|---|---|
| Earth work Exavation | 20x10x1.5x=300 | के काम हो नखुलेको | ३०० | ४९० | १२२२२३ |
| Stone Soling Work | 2x20x8.5x0.5=170 | | | ३९९१ | |
| Stone masonery below Ground level | 20x8.5x0.5=85 | | | | |
| Stone masomery for long wall | 2x20x0.4xx3.5=56 | 2x20x0.4x2.7x=43.2 | | | |
| Stone masomery for Short wall | 5x8.5x0.4x3.5=59.50 | 5x8.5x0.4x2.7=45.9 | | | |
| | 115.5 | 89.1 | २६.४ | ६५५६ | १७३०७८.४० |
| Total . | | | | | १७३०७८.४ |

| | | |
|---|---|---|
| १६. | **संभ्फौता कार्यान्वयन नभएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ वमोजिम सेवा प्रदायकवाट खरिद संभ्फौता पूर्ण कार्यान्वयन भई सार्वजनिक निकायले स्वीकृत गरेपश्चात करारको संभ्फौता वमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ । सार्वखोरीगाउँ मिनि जलविद्युत आयोजनाको डिपिआर तयार गर्ने कार्य डिजाइन पोइन्ट प्रा.ली. मार्फत गर्ने गराउने गरी संभ्फौता भएकोमा सम्फौता अनुसार सो प्रा.लि.ले डिपिआरको इ कपि दिनु पर्नेमा सो प्राप्त नगरी भुक्तानी दिएको नियम सम्मत देखिएन | |
| १७. | **अनियन्त्रित खर्च :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी ढंग वाट कार्य सम्पादन गर्नु पर्ने व्यवस्था गरेको  छ । पालिका र अन्तरगत वडाहरुको विभिन्न समितिको वैठक वस्दा समिति भित्रको सदस्य मात्रको खर्च लेख्नुपर्नेमा ४ जना को समितिमा ११ जना सम्मलाई वैठक भत्ता दिएको पाइएकोले यस प्रकारको खर्च नियन्त्रण गर्नु पर्दछ । | |
| १८. | **ग्रामिण जलश्रोत तर्फ : कर विजक पेश नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ (१) अनुसार २० हजार रुपैयाँ भन्दा वढीको भुक्तानीमा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकोसँग कारोवार गर्नु पर्ने व्यवस्था छ । गाउँपालीकाले सामाजिक विकाश तथा प्राविधिक विकास सेवालाई सहयोगी संस्थाको रुपमा रु २०,६१,५८५।- भुक्तानी गरेकोमा मुल्य अभिवृद्धि कर | |

विजक पेश गरेको छैन र कर छुट पाउने संस्था भए सोको प्रमाणपत्र पेश नगरेकोले कर छुट प्रमाणपत्र पेश गर्नु पर्ने अन्यथा कर रकम असुल गर्नु पर्ने रु. ३,०९,२३७/७५

१९. **प्राविधिक मुल्यांकन नगरेको :**सार्वजकि खरिद नियमावली २०६४ को नियम १२३(१)ख मा निर्माण कार्यको प्राविधिक नाँपजाँच गरी वास्तविक कार्यको यकिन मापनको आधारमा विलको रकम भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । ग्रामिण जलश्रोत तर्फ निम्नानुसार योजनाको लागत अनुमान तयार गर्दा रेट एनालाइसिस तयार नगरेको र भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन नगरी सामानको मात्र मुल्याङ्कन गरी भुक्तानी लेखेको अनियमित देखिएको रु. ५४,२०,३३३/१९

| **योजनाको नाम** | **लागत अनुमान** | **रकम** |
|---|---|---|
| जनजाग्रीती आदर्श सामुदायिक विद्यालय चर्पि निर्माण | ११५८२१०.२७ | ११५८६४२.३९ |
| सिल्का कोटर्सजन समदेउ खानेपानी | ५५५९९७.८० | ५५५९९७.८० |
| सत्यवति सौचालय | | १२९४४४० |
| जनप्रिय मा.वि,खानेपानी | | ३७१३८१ |
| शिल्का वहुउदेस्यि योजना | | १०१९१६० |
| धौलाउ दलित खानेपानी योजा | | १०२०७१२ |
| **जम्मा** | | **५४२०३३३.१९** |

२०. **जिन्सी दाखिला नगरेको :** १००/२०७६/३/२२ आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम खरीद भएका सवै सामान दाखिला गर्नु पर्ने व्यवस्था छ । कैलास मिडिया प्रा.लीबाट खरिद गरेको ६०० वटा वुलेटिनको जिन्सी दाखिला पेश नगरेकोले प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु. २,३३,३३३/-

२१. **कर विजक वेगर मु.अ.कर भुक्तानी :** मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मु.अ.कर कर विजक जारी गरेको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र भुक्तानी दिनु पर्ने देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको देखिन्छ ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुने P.C.C. Plaster,Reinforcement workलगायतमा प्रयोग हुने नर्म्स अनुसार प्रति घ.मी.कामको अनुपातमा खपत भएको सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समिति हरुले कर विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो । यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिंदैन । तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु ३४,५७४/-

| गो.भौ र मिति | उपभोक्ता समिति | कर विजक प्रयोग भएको सिमेन्टको तौल | कर विजक वेगरको सिमेन्टको मुल्य | कर विजक वेगरको रड र तारको मुल्य | असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ३५५/०७६/३/२९ | संजिवनी प्रतिष्ठान निर्माण | २२.४६ वोरा | २२४६० | | २९२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५७/०७६/३/११ | बालिचौर मा.वि. फिल्ड घेरवार | १७.८५ वोरा | २११८५ | | २४३८ |
| ३९१/०७६/३/१३ | सिर्फे खोला लघु जल विधुत | ४१.४७२ वोरा | ४१४७२ | | ५३९२ |
| ३९१/०७६/३/१३ | सिर्फे खोला लघु जल विधुत | कर विजक वेगरको विल | ४१४७२ | | ६०१४ |
| ३६/०७५/८/६ | च्यानल गेट निर्माण | कर विजक वेगरको विल | ६९१२ | १७५०० | ३१७३ |
| ३९७/०७६/३/१७ | देउनाउली मर्मत | कर विजक वेगरको विल | | ३८६८८ | ५६०९ |
| ४१५/०७५/३/२० | सामुदायीक स्वा.केन्द्र नि | १० घ.मी६४ वोरा दिल नएको | ११८६० | ५७५८१ | ९०२८ |
| | | **जम्मा** | | | **३४५७४** |

२२. **गत वर्षको भुक्तानी :** चालु वर्षमा खर्च भई वजेट अभावको कारण सोही वर्षमा भुक्तानी दिन नसकिएको प्रयाप्त आधार एवं कारण भएमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४० (७) वमोजिम म.ले.प. फारम नं. १०८ भुक्तानी दिन बाँकीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नु पर्ने र सोही वमोजम आगामी वर्ष भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । यस गाउँपालिकाले यो वर्ष सो वमोजिमको प्रमाणित कच्चावारी वेगर निम्नानुसार भुक्तानी दिएको देखिएकोले सो रकम गत वर्ष भुक्तानी दिन नसक्नाको स्पष्ट कारण र प्रमाणित कच्चावारी वेगर भुक्तानी गरेको रकम अनियमित देखिएको रु — ७,९०,१२७/-

| गो.भौ.र मिति | भुक्तानी विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ११/०७५/६/११ | फुटा ढुंगा खा.पा. | १९०१२७ | |
| ७०/०७५/८/२७ | प्रोफाईल निर्माण | २००००० | गत वर्षको विलवाट |
| ८८/०७५/९/१२ | दैनिक भ्रमण भत्ता समेत वडा नं. ३ | ४००००० | |
| | | ७९०१२७ | |

२३. **दर विश्लेषण वेगर भुक्तानी** :२१७ ।०७५।११।२९तामाखानी कुटानी पिसानी वडा नं. ५ को लागि कार्यालय वाट रु ५,००,०००। उपलब्ध गराएको र सोको उ.स ले स्थानीय काठ २.०८४ वर्ग मिटर प्रयोग गरी प्रति वर्ग मिटर ५०,०४०।१५को दरले रु १,०४,२८८। खर्च दावि गरेको देखिन्छ । सोको दर विश्लेषण पेश नभएको र सो समितिले काठ खरिद गरेको तथा ढुवानी एवं लोड अनलोड समेतको रु १,०४,२८८।को मात्र विल भर्पाई पेश गरेको आधारमा रु ४,२८८।०० वढी खर्च दावि गरेको असुल हुनु पर्ने रु — ४,२८८/-

२४. **उपभोक्ताले ठेक्कावाट काम गराएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१३)क वमोजिम उपभोक्ता समितिले आफुले प्राप्तगरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएमा सार्वजनिक निकायले सो उपभोक्ता संग गराएको संझौता रद्द गरी त्यस्तो काम गर्ने निर्माण व्यवसायीलाई समेत कालो सूचिमा राख्न सिफारिस गर्न सक्ने व्यवस्था गरेको छ ।यो वर्ष यस गाउँपालिका मार्फत संझौता गरेका प्राय सवै उपभोक्ताले आफुले प्राप्त गरेको काम निर्माण व्यवसयी मार्फत गराएको देखियो ।यस्तो उपभोक्ता लाई कार्यालयवाट कुनै कारवाही गरेको देखिएन । यसरी निर्माण व्यवसायी मार्फत काम गराएको केही उदारहण निम्न छन ।

| गो.भौ.र मिति | योजनाको नाम | भुक्ती रकम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १८/०७५/६/२१ | रोड सफाई बण्डे जय पृथिविनगर | ८१५०४५ | पि.डि. अर्थभुपर्स |

| | | | |
|---|---|---|---|
| ७७/०७५/९/१२ | चिउरी पिपल कृषि सडक | ६१४३२८ | पि.डि. अर्थभुपर्स |
| १०५/०७५/९/१७ | गमला गाउँ रोड कटिङ वडा नं. ४ | ५००००० | पि.डि. अर्थभुपर्स |
| | जम्मा : | ११२९३७३ | |

२५. **योजना स्वीकृत :** नेपालको संविधान २०७२ को धारा २३० अनुसार गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको लागि स्थानीय कानुन वमोजिम पेश हुने वजेट तथा कार्यक्रम गाउँसभावाट पारीत भएका योजना तथा कार्यक्रम अनुसार खर्च गर्नु पर्दछ । यस गाउँपालिकाले यो वर्ष सो सभावाट पारित नभएका निम्न योजनाहरु कार्यपालिकाले सोझै निर्णय गरी भुक्तानी खर्चलेखेको नियम सम्मत नदेखिएको रु २,५५,०००/-

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| १६/०७५/६/२१ | कुमारी वैंक भवन मर्मत | २५५००० | २५५००० |

२६. **एकिकृत कृषि फर्म :**११७।०७५।१०।२१ नवादेव कृषक समुह लाई एकिकृत कृषि फर्म निर्माण को लागि गत वर्ष १९,००,०००। र यो वर्ष रु २२,००,०००।००समेत रु ४१,००,०००। र गो.भौ. नं. २२४।०७६।१।२ वडानं. १ वाट कृषि फर्म स्थापनाको लागि रु १२,२८,५५०। अनुदान दिएकोमा उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभएकोले फर्मको दर्ता प्रमाण पत्र पेश नभएको तथा सो फर्मको प्रगति तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी सो अनुदान भुक्तानीको प्रभावकारीता विश्लेषण सहितको प्रतिवेदन पेश नभएकोले सोको आवश्यकता एवं उपलव्धी सम्वन्धमा यकिन गर्न सकिएन ।

२७. **वढी भुक्तानी :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै सो नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कन्टिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु ८०८२४२८ मात्र भुक्तानी दिनु पर्नेमा रु ८९६५३२८ भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु ८.८२.९०० /-असुल हुनु पर्ने रु ८,८२,९००/-

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | कामको मुल्यांकन | उपभोक्ताको अंश | भुक्तानी दिनु पर्ने रकम | भुक्तानी दिएको रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| ७७/०७५/९/१२ | चिउरी पिपल कृषि सडक | ६१४३२८ | ६१४३२८ | १९ | ४९७६०५ | ६१४३२८ | ११६७२२ |
| १३१/०७५/१०/२८ | डाडा मन्दिर घेरवार | ३७२१०८ | ३६७०७७ | २१.४३ | २८८४१२ | ३००००० | ११५८८ |
| १७२/०७५/११/१९ | ढलनिकास वडा नं. ५ | ४९८५५२ | ४१३२५३ | ३९.८८ | २४८४४७ | ३००००० | ५१५५२ |
| १७७/०७५/११/१९ | जिउढुंगा खा.पा. वडा नं. ७ | १४७९११ | १३३३७८ | ३२.५ | ९००३० | १००००० | ९९७० |
| ३१/०७५/८/६ | वान्नी मष्टा मन्दिर | ७०२००० | ६७६०६८ | २८.७८ | ४८१४९५ | ५००००० | १८५०४ |
| १७८/०७५/११/ | सुर्मादेवि मन्दिर | ४५४५६७ | ४२२५३९ | २९.६१ | २९७४२५ | ४२०००० | १२२५७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | | | | | | | |
| १७९/०७५/११/२९ | सुर्योदय नि.मा.वि. | ९५५१६९ | ९४१४११ | ३७.१३ | ५९१८६५ | ६००००० | ८१३४ |
| १८६/०७५/११/२३ | जयपृथिवि शहकारी | १०००९२९ | ९३९५२६ | २० | ७५१६२० | ८००००० | ४८३७९ |
| १९०/०७५/११/२६ | गुर्खेला सि.कु. | ५९८०३५ | ५४९००७ | ३२.९३ | ३६८२१८ | ४००००० | ३१७८१ |
| १९७/०७५/११/२९ | सैनगाड सि.कु. | ४३७५७४ | ४०४९८० | ३१.४५ | २७७६१४ | ३००००० | २२३८६ |
| २२५/०७६/१/२ | थलरा वर्थिङ सेन्टर | ६००८०० | ५४०५८१ | ३३ | ३६२१९० | ४००००० | ३७८१० |
| २६२/०७६/१/८ | कालिका नि मा.वि. | ३४८४१७ | २९६३५४ | २९ | २१०४११ | २५०००० | ३९५८८ |
| ३१२/०७६/२/३ | भगवती प्रा.वि. शौचलाय | ३४१२४३ | ३३४४१० | २६.७४ | २४४९८८ | २५०००० | ५०१२ |
| ३१४/०७६/२/३ | जनज्योति प्रा.वि. | ३२१६५५ | २६८०४६ | ३७.८३ | १६८४१३ | २००००० | ३१५८६ |
| ३१७/०७६/२/३ | तोलेनी काकर विस्ना सडक | ३८८३६५ | ३६९७६३ | २२.७१ | २८५७८९ | ३००००० | १४२१० |
| ३७९/०७६/३/१७ | जय पृथिवि नि.मा.वि | १८०४०० | १६५७०० | २५ | १२४२७५ | १५०००० | २५७२५ |
| ३८२/०७६/३/१३ | युवा शक्ती शाखा सडक | ४०५३८७ | ३६७९९८ | २५ | २७५९९८ | ३२०००० | ४४००० |
| ३९३/०७६/३/१८ | वासुधारा शिव मन्दिर | ११७०६५० | १०९७९१३ | २३.१२ | ८४४०७५ | ९००००० | ५५९२४ |
| ४१५/०७६/३/२० | सामुदायीक स्वास्थ्य केन्द्र | ७९८२७७ | ६३९४२९ | २५ | ४७९५७१ | ५००००० | २०४२८ |
| ४२९/०७६/३/२३ | मष्टा आधारभुत विध्यालय | ४७६८५७ | ४२९०७२ | ७५ | ३२१८०४ | ३५०००० | २८१९६ |
| ४४७/०७६/३/२३ | सरस्वती प्रा.वि. | २७३४०७ | २०२६८५ | २५ | १५२०१३ | २००००० | ४७९८६ |
| ४७३/०७६/३/२५ | विसौना कृषि शाखा सडक | ११५४५७१ | १०१५६११ | २९.०९ | ७२०१७० | ८११००० | ९०८३० |
| | **जम्मा** | | | | **८०८२४२८** | **८९६५३२८** | **८,८२,९००/-** |

२८. **Quantity फरक पारेको :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विभिन्न निर्माण कार्यको भुक्तानी दिदाँ लागत अनुमान तथा नापिकिताव अनुसारको Quantityको जोड जम्मा समेत फरक पारी निम्नानुसार वढी भुक्तानी हुन गएको रकम असुल गर्नु पर्ने रु

८,३६७/-

| **गो.भौ.र मिति** | **योजनाको नाम** | **आईटमको नाम** | **नापि किताव अनुसार हुनु पर्ने** | **भुक्तानी दिएको परीमाण** | **वढी भुक्तानी दिएको परीमाण** | **दर रेट** | **असुल हुनु पर्ने रकम** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८२/०७६/३/१३ | युवाभक्ती शाखा सडक | Medium Rock | १९८१.३ घ.मी | १९९५.१ घ.मी. | १३.८ घ.मी. | २८२४२ | ३८९७ |
| ३१७/०७६/२/३ | तोलेनी काकर विस्ना सडक | Hard Soil | २६२५.१३ घ.मी | २६७९.१३ घ.मी. | ५४ घ.मी. | ८२७९ | ४४७० |
| | **जम्मा** | | | | | | **८,३६७/-** |

२९.

**प्रमाण नपुगेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विभिन्न समुह तथा उधमी एवं व्यक्ती समुहलाई अनुदान तथा खर्च रकम भुक्तानी दिएकोमा सो खर्च एवं भुक्तानीको लागि आवश्यक पर्ने प्रमाण कागजात संलग्न गर्नुपर्नेमा देहाय अनुसारको प्रमाण पुगेको नदेखिएकोले सो प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु ३६,१८,५६८/-

| गो.भौ.र मिति | योजनाको नाम | भुक्तानी विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी दिएको रकम | पेश हुनु पर्ने आवस्यक प्रमाण | प्रमाण पेश हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| ३६७/०७६/३/३० | प्रवद्धनात्मक कार्यकम | दस्तावेज तयार | कैलाश मिडिया प्रा.लि | ६००००० | प्रतिवेदन र प्रगति विवरण | ६००००० |
| ४२४/०७६/३/२२ | प्रवद्धनात्मक कार्यकम | दस्तावेज तयार | कैलाश मिडिया प्रा.लि | १८३३३३ | प्रतिवेदन र प्रगति विवरण | १८३३३३ |
| ३७०/०७६/३/३० | अपांग संजाल कार्यकम | प्रविधि हस्तान्त्रण | अपांग संजाल | ४७५००० | १० थान मेशिन वुझाएको एवं दाखिला विवरण | १००००५ |
| ३७६/०७६/३/१३ | ग्याविन बक्स खरिद | | डि.जि.एस. नि.से. | ४९७७६५ | ग्याविन वक्स वितरण भर्पाई तथा प्रयोग नखुलेको | ४९७७६५ |
| ४१६/०७६/३/१७ | विपद व्यवस्थापन | पाईप खरिद | सगरमाथा सप्लायर्स | ४३०४६६ | | ४३०४६६ |
| ४००/०७६/३/१८ | विपद व्यवस्थापन | रकम वितरण | विभिन्न व्यक्ती | २५०००० | भर्पाई नभएको | २५०००० |
| ४९१/०७६/३/२९ | आ.स. | | धन व. पुजरा | २५०००० | आधार प्रमाण पेश नभएको | २५०००० |
| शिक्षा तफ) | विध्यालय शौचालाय भवन निर्माण | निर्माण विलको रकम | सत्यवति मा.वि. | १००७००० | निर्माण सम्पन्न भएको पुष्टी हुने फोटा प्राप्त नभएको | १००७००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६९।०७६। ३।२६ | २ थान पोली हाउस स्टक्चर | पोली हाउस निर्माण | सिद्दि एग्रो टेक एण्ड मेशिनरी | २९९९९९ | प्रयोग भएको प्रमाण पेश नभएको, खरिदको लागत अनुमान स्पष्ट नभएको | २९९९९९ |
| | | | | | | ३६१८५६८ |

३०. **जिन्सी दाखिला एवं हस्तान्त्रण :**आर्थिक कार्यविधि नियमावली २०६४को नियम ४७ वमोजिम कार्यालयले खरिद गरेको तथा हस्तान्तण भईआएको सामान जिन्सी दाखिला गरी सोही वमोजिम लगत राख्ने अथवा हस्तान्तरण फारम भरी सोको आधारमा हस्तान्तरण गरी लगत अध्यावधिक गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले खरिद गरेको सामान निम्नानुसार जिन्सी दाखिला नगरी सोझै विलको आधारमा खर्च जनाएको देखियो ।यसरी दाखिला वेगर खर्च एवं हस्तान्तरण गरेको अनियमित देखिएको रु — १०,८७,९९९/-

| गो.भौ.नं. र मिति | योजनाको नाम | खरिदविवरण | सप्लायर्सको नाम | दाखिला वेगरको खर्चरकम |
|---|---|---|---|---|
| २३३/०७६/१/१२ | शान्ती आदर्श क्याम्पस | पुस्तक खरिद | विभिन्न | १०००००० |
| ४७१/०७६/३/२५ | विपद व्यवस्थापन | ईन्भटर खरिद | | ८७९९९ |
| | **जम्मा** | | | **१०८७९९९** |

३१. **सवारी साधन खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने व्यवस्था गरेको छ ।यस गाउँपालिकाको लागि एक थान सवारीसाधन खरिदको लागि मु.अ.कर समेत रु ७५,००,०००।–को लागत अनुमान स्वीकृत गरी ठेक्का व्यवस्था को लागि वोलपत्रको सुचना प्रकाशन गरेवमोजिम दर्ता हुन आएका २ थान वोलपत्र मध्ये सवै भन्दा घटी कवोल गर्ने पायोनर मोटरकपको मु.अ.कर सहित रु ७२,९५,०००।–कवोल अंक रहेकोमा निजको आ.व. ०७४।७५को कर चुक्ता प्रमाण पत्र नभएको भनी मुअ.कर समेत रु ७४,८०,७८६।–कवोल अंक भएको किशन ट्रेडिड.को वोलपत्र स्वीकृत गरी ०७६।३। मसान्त भित्र सप्लाई गर्ने गरी कार्यादेश दिएको देखिन्छ ।सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन ।

(क)उपरोक्त वमोजिम सवारी साधनको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४को नियम ११मा तोकिए वमोजिम दर विश्लेषणको आवश्यक प्रकृया अपनाई लागत अनुमान तयार गरेको देखिएन । जसवाट सो लागत अनुमानको यर्थातता समेत यकिन भएन ।

(ख)उक्त ठेक्का प्रकृयामा पहिलो घटीवाला संग कर चुक्ता प्रमाण पेश गर्न लगाई कवोल अंकमा सवारी साधन सप्लाईको लागि पत्राचार तथा छलफल नगरी दोश्रो घटीवालाको वोलपत्र स्वीकृत गर्दा १,८५,७८६।–ले थप रकम भुक्तानी गरेको देखियो ।

(ग)उपरोक्त वमोजिमको यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा दर्ता भएका वोल पत्र मध्ये २ वटा मात्र दर्ता हुनु दर्ता भएको मध्ये एउटाले करिव लागत अनुमान वरावर अंक कवोल गर्नु अर्कोले आवस्यक डकुमेन्ट समेत नराखि वोल पत्र दर्ता गराएको देखिंदा आपूर्तिकर्ता विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन ।तसर्थ कार्यालयले वोल पत्र आव्हान गर्दा सार्वजनिक खरिद नियमावली वमोजिम विधुतीय माध्यमलाई समेत अवलम्वन गर्नु जरुरी देखियो ।

(घ)सार्वजनिक खरिद नियमावली २०६४ को नियम.. वमोजिम मेशिनरी सामान तथा

| | | |
|---|---|---|
| | सवारी साधन आपूर्ति भई दाखिला पुर्व मेकानिकल ईन्जिनियरवाट पूर्व स्वीकृत स्पेसिपिकेशन अनुसार भए नभएको चेक जाँच गरी प्राप्त प्रतिवेदनको आधारमा मात्र दाखिला गर्नु पर्नेमा सो वमोजिम जाँच नगराई दाखिला गरेकोछ । उक्त नियमावली वमोजिम धरौटी समेत कट्टा नगरी भुक्तानी दिएको छ । यसरी आवश्यक प्रकृया नपुराई सवारी साधन खरिद एवं दाखिला गरेको अनियमित देखिएको रु | ७४,८०,७८६/- |
| ३२. | **प्रमाण विनाको भुक्तानी :** १६४/२०७५/१२/२४ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालीकाले निम्न होटल बाट आधार र प्रमाण वेगर खर्च लेखेको अनियमित देखिएको रु. | ५,८०,३४५/- |

| भौ.नं.,मिति | होटलको नाम | खर्च रकम |
|---|---|---|
| २५/२०७५/६/२१ | मुहेश होटल एण्ड लज | ८४९३० |
| ३३/२०७५/६/२१ | मुकेश होटल एण्ड लज | ३१७८५ |
| ९५/२०७५/८/२५ | जयमष्टा एस.एस होटल | ४०१८० |
| ११५/२०७५/९/१३ | मुकेश होटल एण्ड लज | ४४८४५ |
| १४०/२०७५/१०/२१ | मुकेश होटल एण्ड लज | ३८८४० |
| १८७/२०७५/११/८ | जय मष्टा एस.एस होटल | ३६९७० |
| २३०/२०७५/११/२९ | मुहेश होटल एण्ड लज | ३३६५० |
| २५३/२०७५/१२/२९ | जय मष्टा होटल एण्ड एस.एस | ६६८८० |
| २९६/२०७६/१/२३ | मुहेश होटल एण्ड लज | ४६७०५ |
| २८६/२०७६/३/२० | जय मष्टा होटल एण्ड एस.एस | ८२८७० |
| ३९०/२०७६/३/१७ | मुकेश होटल एण्ड लज | ७२६९० |
| **जम्मा** | | **५८०३४५** |

| | | |
|---|---|---|
| ३३. | **असम्वन्धित खर्च :** ३०९/२०७६/२/१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालीकाले प्रत्येक वडा लाई कार्यसञ्चालन वापत चौमासिक निकासा दिने र सोको खर्च पश्चात पेश्की फछ्र्यौंट गर्ने गरेको देखियो ।यसरी फछ्र्यौटमा पेश गरेको फाँटवारी साथ कार्यक्रम संग असम्वन्धित खर्च गरेको विल भरपाई पेश गरी पेश्की फछ्र्योट गर्ने गरेको देखियो । यसरी कार्यक्रम पेश्की लिई सम्वन्धित कार्यक्रम संग असम्वन्धित विल पेश गरी पेश्की फछ्र्यौट गर्नु नियम सम्मत देखिएन । यसरी असम्वन्धित विल पेश गरेको केही उदाहरणहरु निम्न छन् । | |

| खरिद आइटम | परिणम | दर | जम्मा |
|---|---|---|---|
| स्याउ | ६ पेटी | ३००० | १८००० |
| अंगुर | १० पेटी | १५०० | १५००० |
| चिनि | ६० केजी | ९५ | ५७०० |
| पिठो | १५ केजी | ७५ | ११२५ |
| तेल | ८ पोका | ११० | ८८० |
| मासु खाना | १३१ जना | २२५० | ३२७५० |
| चिया विस्कुट | ४०० | ४५ | १८००० |
| चाउचाउ अण्डा | १७० | ८५ | १४४५० |
| **जम्मा** | | | **१,०५,९०५/-** |

माथि उल्लेखित खर्च रकम फागुण,चैत्र र वैसाखको मात्र हो । खरीद गरीएको

परिणम हेर्दा अश्वभाविक देखिन्छ विना आधार प्रमाण विनाको खर्च यथार्थ हो भन्न सकिने अवश्था देखिदैन । कार्यालयले यस्तो प्रककारको खर्चमा नियन्त्रण गरी आन्तरीक नियन्त्रण प्रणली लाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

३४. **वढी तलव भुक्तानी : स्वास्थ्य तर्फ** :१००।०७६।०१। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालीकाको कार्यालय सहयोगी गोरख वहादुर विष्टलाई वैशाख महिनाको तलव भुक्तानी दिंदा तीन महिनाको एकैपटक भुक्तानी दिएको र पुन मासिक रुपमा पनि भुक्तानी दिएकोले दुई महिनाको वढी भुक्तानी दिएको रु.४६,६३०।- असुल हुनु पर्ने रु. ४६,६३०/-

३५. **सोझै खरिद:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु.३७,३९,५६६।को छपाई, कार्यालय सामान, उपकरण आदि खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ ।

| **गो.भौ.नं./मिति** | **आपूर्तिकर्ताको नाम** | **खरिद विवरण** | **रकम रु.** |
|---|---|---|---|
| ३५/२०७५/६/२१ | सगुन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | स्टेसनरी | २२५६६१ |
| ६२/२०७५/८/६ | वेताल ट्रेडर्स एण्ड सप्लायर्स | स्टेसनरी | ६०५५० |
| ९२/२०७५/८/२८ | उरै सुर्मा अफसेट प्रेस | छपाई | ५८८४४७ |
| १४२/२०७५/१०२१ | जय मष्टा सपिङ सेन्टर | कार्यालय सामान | १०६४०० |
| १६६/२०७५/११/१७ | उरै सुर्मा अफसेट प्रेस | कार्यालय सामान | १७२३२५ |
| १९८/२०७५/११/१७ | सगुन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | कार्यालय सामान | ३७५४१९ |
| २४१/२०७५/१२/२९ | जय मष्टा सपिङ सेन्टर | कार्यालय सामान | ७८६४० |
| ३१२/२०७६/१/२३ | स्टार फोटो कन्सर्न एण्ड मेसेन्जर | कार्यालय सामान | ६३९२० |
| ३४७/२०७६/३/११ | उरै सुर्मा अफसेट | कार्यालय सामान | ६०५६८० |
| ३५१/२०७६/३/११ | वासुली प्रिन्टर्स | कार्यालय सामान | ११४१७६ |
| ३६५/२०७६/३/१७ | वोहोरा इलेक्ट्रोनिक सप्लायर्स | कार्यालय सामान | १११८७०४ |
| ४३७/२०७६/३/२९ | सगुन ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | कार्यालय सामान | २२९६४४ |
| **जम्मा** | | | **३७३९५६६** |

३६. **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को नियम ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालयले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट ६,४१,९९६/-

यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु.

| भौ.नं.र मिति | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ.कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| ४५०/२०७६/३/२४ | सिद्धि रिद्धि एग्रोटेक एण्ड मेसिनरी | ६०४०००७६४१ | २०७६३/३/१६ | २२४९९९९.९५ | २५८८४९.५५ | १२९४२५ |
| ४८५/२०७६/३/२४ | शर्मा इम्पेक्स | ३०२७६२७१४ | २०७६/३/१७ | ३७०३६३.५९ | ४८१४७.२६ | २४०७४ |
| ४६१/२०७६/३/२५ | शिवाङ्ग ट्रेडर्स | ३०३६४२८११ | २०७६/३/२२ | ७५२०१ | ८६५१.५० | ४३२६ |
| ४१६/०७६/३/१७ | सगरमाथा सप्लायर्स | | ०७६/३/१२ | ४३०६६६ | ४९५४५ | २४७७२ |
| ४१६/०७६/३/१७ | सगरमाथा सप्लायर्स | ३०२७६३३२८ | ०७६/३/९ | ७५०४३ | ८६३४ | ४३१७ |
| ४१७/०७६/३/२२ | किशन ट्रेडिङ | | ०७६/३/१९ | ७४८०७८६ | ८६०६२१ | ४३०३१० |
| ४१६/०७६/३/१७ | सगरमाथा सप्लायर्स | | ०७६/३/१२ | ४३०६६६ | ४९५४५ | २४७७२ |
| | जम्मा | | | | | **६४१९९६** |

३७. **विउ वितरण :**४९।०७५।८।१५आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कृषि सेवा तर्फ युनिक सिडल प्रा.लि.लाई गहुंको विउ खरिद एवं वितरणको लागि रु १,९८,४००।- पेश्की दिएकोमा उक्त पेश्की फछ्र्यौटमा निजले पेश गरेको फंटवारीको परीक्षण हुंदा निजले विभिन्न भपाई वाट खरिद गरेको २४८० किलो मध्ये २३२० किलो वितरण गरेको भर्पाई पेश भएको र १६० किलोको रु ८० को दरले विल भर्पाई वेगर खर्च दावि गरेको निजवाट असुल गरी वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने रु — १२,८००/-

३८. **दर फरक पारी वढी भुक्तानी गरेको** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।यस गाउँपालिकाले विभिन्न उपाभोक्ता संग गरेको संझौता अनुसार निर्माण कार्यको भुक्तानी दिंदा स्वीकृत नर्म्स तथ जिल्ला दररेटलाई अनुसरण गरी दर रेट विश्लेषण गरी सोही वमोजिमको दरले गणना गरी भुक्तानी दिनु पर्नेमा सो वमोजिम नगरी दर रेट विश्लेषण वेगर भुक्तानी भएको दररेट विश्लेषण भएको हकमा पनि वढी दर राखि भुक्तानी भएको देखियो ।सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण जरुरी देखियो । केही भुक्तानी विलको परीक्षणमा समेत निम्नानुसार वढी दर राखि भुक्तानी भएको देखिएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु — ४,३१,६९६/-

| भौ.नं.र मिति | आईटम को नाम | परीमाण घ.मी. | दररेट विश्लेशण | भुक्तानी भएको दर | वढी भएको दर | अससुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|

| | | | अनुसारको दर | | | |
|---|---|---|---|---|---|---|
| ७५।०७५।९।११. तिलेली शाखा सडकं | Soft soil | ३२७४.७ | ५३.७८ | ६१.४६ | ७.६८ | २५१५० |
| ७५।०७५।९।११ | BMS Soil | ३०२२.४१ | ८२.६९ | ८२.७९ | ०.१ | ३०३ |
| ७५।०७५।९।११ | Soft Rock | ११५३.६२ | २८२.४२ | २८२.४२ | ०० | ०० |
| ७५।०७५।९।११ | Medium Rock | ८९६.३८ | २८२.४२ | ४६८.९५ | १८६.५३ | १६७२०२ |
| ७५।०७५।९।११ | Hard Rock | ०० | ०० | ०० | ०० | ०० |
| ७४।०७५।९।१२. चिउरी पिपल चौतरा सडकं | Ordinary Soil | २९६.६३ | ५३.७८ | ६१.४६ | ७.६८ | २२७८ |
| ७४।०७५।९।१२ | Hard Soil | ३९०२.३८ | ७३ | ८२.७९ | ९.७९ | ३८२०५ |
| ७४।०७५।९।१२ | Soft Rock/ Medium Rock | ६०.२५ | २३४.५३ | २८२.४२ | ४७.८९ | २८८६ |
| ७४।०७५।९।१२ | Hard Rock | १३७.७५ | ९५४.५१ | १२२५.७८ | २७१.२७ | ३७३६८ |
| ३८२।०७६।३।१३. योमेशखाती शाखा सडकं | Ordinary Rock | ९६७० | २८२.४२ | ४६८.९५ | १८६.५३ | १८०३८ |
| २१९।०७५।११।६ कचला २ शाखा सडक | Medium Rock | ७५१.९८ | २८२.४२ | ४६८.९५ | १८६.५३ | १४०२६६ |
| **जम्मा** | | | | | | **४३१६९६** |

| | | |
|---|---|---|
| ३९. | **Man Days वढी राखेको** : ६५।०७५।८।१२ सडक तथा सम्भार गुरेलथुम जय पृथिवीनगर सडक को १६५२ घ.मी. Side Clearence को लागि रु ४,०८,९८५।००को लागत अनुमान तयार गरेकोमा १६५२ घ.मी. शत प्रतिशत Medium Rock (Excovetor)को दर रु २७५ ले हुने रु ४,५४,३००।–खर्च दावि गरेकोमा Quantity Analysis अनुसार ३० घ.मी. मात्र Medium Rock र वाँकी १६२० घ.मी. Soft soyle मापन भएकोले Soft soyle को लागि डोजरको दर रु ६४ को दरले भुक्तानी दिनु पर्नेमा २७५ को दरले भुक्तानी भएकोले वढी भुक्तीी भएको १६२० घ.मी.को २११ ले हुने रु ३,४१,८२०। असुल हुनु पर्ने रु | ३,४१,८२०/- |
| ४०. | **पाईप खरिद** :२६३।०७६।१।१ कार्यालयले विपत व्यवस्थापनको लागि सगरमाथा सप्लायर्सवाट कोटेशनवाट रु ४,९३,९९९।– र ढुवानी वापत रु ८१,०००। समेत रु ५,७४,९९९। भुक्तानी खर्च लेखेकोमा उक्त पाईप कहाँ के कति परीमाणमा वितरण गरेको र के कामको लागि प्रयोग भएको खुल्ने प्रमाण पेश नभएकोले खर्च यकिन नभएको रु | ५,७४,९९९/-. |
| ४१. | **विल भर्पाई नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा | |

विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाले अध्यन अवलोकन भ्रमण लगायतमा निम्नानुसार खर्च दावि गरेकोमा प्राप्त विलभर्पाई तथा फांटवारीको परीक्षण हुंदा देहाय वमोजिम विल भर्पाई तथा आवश्यक प्रमाण भएको नदेखिएकोले विल भर्पाई वेगरको खर्च असुल हुनु पर्ने रु — ३,६२,७९९/-

| गो.भौ. नं.र मिति | पेश्की लिनेको नाम | खर्च विवरण | खर्च लेखेको रकम | विल भर्पाइ अनुसारको रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| २७३।०७६।१।१९ | | गाउँपालिका अध्ययन अवलोकन भ्रमण | १००००००० | ९६५२०१ | ३४७९९ |
| २८८/०७६/१/२४ | जयपृथिवी कृषि सहकारी | अनुदान | ३२८००० | ०० | ३२८००० |
| | जम्मा | | | | ३,६२,७९९/- |

४२. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालीकाले देहाय बमोजिम वार्षिक रु.४३,६३,२००/- सूविधा वापत भूक्तानी भएको छ ।

| सि.नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ७जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना |
|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० |
| २ | सञ्चार सुबिधा ( मासिक दरमा) | ११०० | १००० | ५०० | | |
| | मासिक जम्मा | ३११०० | २६००० | १४३५०० | ४८००० | ११५००० |
| | वार्षिक जम्मा : | ३७३२०० | ३१२००० | १७२२००० | ५७६००० | १३८०००० |
| वार्षिक कुल जम्मा | | | | | ४३,६३,२००/- | |

४३. **पदाधिकारी दशै भत्ता** :२/२०७५/५/६ सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । चाड पर्व भत्ता पाउने व्यवस्था नरहेकोले भुक्तानी खर्च लेख्न मिल्ने नदेखिएकोमा चाड पर्व भत्ता रु.३,५८,०००।- खर्च लेखेको रकम असुल हुनु पर्ने रु. — ३,५८,०००/-

४४. **उपचार खर्च :** सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । गाउँपालीकाल उपाध्यक्ष राधिका कुमारी रतला लाई उपचार खर्च वापत रु.१५०००० भुक्तानी दिएको यस्तो खर्च दिन मिल्ने व्यवस्था ऐनमा नभएकोले असुल हनु पर्ने रु. — १,५०,०००/-

४५. **बैठक भत्ता :** सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा

सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । गाउँपालीकाले देहाय बमोजिम विभिन्न समयमा बसेको वैठक एवं अन्य भत्ता वापत खर्च रु. २३,६३,३२१/-लेखेको छ । यसरी पदाधिकारीहरुको वैठक भत्ता सम्वन्धमा उक्त ऐनमा उल्लेख गरेको नदेखिएकोले भूक्तानी खर्च लेख्न नमिल्ने रकम असूल हुनु पर्ने रु.

२३,६३,३२१/-

**कार्यपालीकाको वैठक तर्फ :**

| भौ.नं.,मिति | वैठकको समय | रकम (कर बाहेक) |
|---|---|---|
| ४३२/२०७६ असार | चैत्र देखि असार | १०५८२५ |
| २३५/२०७५/११/२९ | श्रावण १६,भाद्र ५,पुस ९ माघ १५ र फाल्गुण १९ गरी ५ वैठक | ११३९०० |
| **जम्मा** | | **२,१९,७२५/-** |

**वडा तर्फ :**

| भौ.नं.,मिति | वडा नं. | वैठकको समय | वैठक संख्या | रकम (कर बाहेक) |
|---|---|---|---|---|
| ३८/२०७५/६/२१ | ७ | श्रावण देखि असोज स | ८ | ३६०४० |
| ४१/२०७५/६/२१ | ३ | श्रावण देखि असोज स | ९ | ५०४९० |
| ५६/२०७५/६/२३ | २ | श्रावण देखि असोज स | - | ४८१९५ |
| ७६/२०७६/८/२४ | २ | श्रावण देखि असोज स | ९ | ४८१९५ |
| १३६/२०७५/१०/२० | २ | कार्तिक देखि माघ | १२ | ७४४६० |
| १४८/२०७५/१०/२५ | ३ | कार्तिक देखि माघ | १२ | ८५३०५ |
| १५२/२०७५/१०/२३ | ६ | श्रावण देखि पौष | १८ | ९६३९० |
| १८५/२०७५/११/८ | ४ | श्रावण देखि माघ | २१ | ११२४५५ |
| १८५/२०७५/११/८ | ५ | श्रावण देखि माघ | २१ | ११२४५५ |
| २८५/२०७६/१/२० | ७ | असोज देखि चैत्र | १९ | ८५५९५ |
| २८४/२०७६/१/२० | १ | वैशाख | १ | ४५०५ |
| ३०९/२०७६/२/३ | २ | फागुन देखि वैसाख | ९ | ५८९५० |
| ३१७/२०७६/२/३ | ३ | फागुन देखि वैसाख | ९ | ४८१९५ |
| ३५३/२०७६/३/८ | ४ | फागुन देखि जेष्ठ | १२ | ६४२६० |
| ३५४/२०७६/३/८ | ५ | फागुन देखि जेष्ठ | १२ | ६४२६० |
| ३५९/२०७६/३/१३ | ६ | माघ देखि असार | १८ | ९६३९० |
| ३६८/२०७६/३/१९ | ३ | जेष्ठ देखि असार | ६ | ३२१३० |
| ३७५/२०७६/३/१९ | ४ | असार | ३ | १६०६५ |
| ३७५/२०७६/३/१९ | ५ | असार | ३ | १६०६५ |
| ४०२/२०७६/३/२३ | ३ | वैशाख२८ देखि असार | ७ | ३७४८५ |
| ४०३/२०७६/३/२३ | १ | - | ३ | १७९९० |
| ४३५/२०७६/३/२९ | ७ | असार | ९ | ४०५४५ |
| **जम्मा** | | | **२०४** | **१२,४६,४२०/-** |

**समिति तर्फ**

| भौ नं.,मिति | समितिको नाम | रकम (कर बाहेक) |
|---|---|---|
| २३०/२०७५/११/०९ | सामाजिक विकास समिति | ६६३५० |
| | पूर्वाधार विकास समिति | २४२२५ |
| | संस्थागत विकास समिति | १५३०० |

| | | |
|---|---|---|
| | आर्थिक विकास समिति | ३९५२५ |
| | न्यायिक समिति | २९३२५ |
| ४३२/असार | सामाजिक विकास समिति | ५०५७५.०० |
| | पुर्वाधार विकास समिति | २९३२५.०० |
| | संस्थागत विकास समिति | ३४४२५ |
| | आर्थिक विकास समिति | ३३१५० |
| | वातावरण तथा विपद व्यवस्थापन समिति | ३१४५० |
| | राजश्व परामर्श समिति | ८९२५ |
| | स्रोत अनुमान समिति | ८०७५ |
| | अपाङ्ग समन्वय समिति | ५३९७५ |
| | बजेट तथा कार्यक्रम तर्जुमा समिति | १८००० |
| ४२२/२०७६/३/२६ | शिक्षा समिति | ४२९२५ |
| | सामाजिक समिति तथा परिक्षा समन्वय समिति | ३६९७५ |
| ४२४/२०७६/३/२६ | क वर्गको इजाजत मुल्याङ्कन समिति | ९३५० |
| | भवनको वोलपत्र मुल्याङ्कन समिति | २७२०० |
| | गाडी खरीद वोलपत्र मुल्याङ्कन समिति | १२७५० |
| | भवनको वोलपत्र खोलेको दिनको भत्ता | १७८५० |
| | गाडीको वोलपत्र खोलेको दिनको भत्ता | १२७५० |
| | रोड डिपिआर वैठक | ६३७५ |
| २३४/२०७५/११/२८ | विपत् व्यावस्थापन समितिको वैठक | ४१६५० |
| ३७५/२०७५/११/२९ | विभिन्न समितिमा छुट भएको बैठक भत्ता | २४२२५ |
| **जम्मा** | | **६,७४,६७५/-** |

**अन्य भत्ता :**

| **भौ.नं.,मिति** | **खर्चको विषय** | **रकम (कर वाहेक)** |
|---|---|---|
| ४२०/२०७६/३/२६ | गाउँ सभामा अतिरिक्त समय कर्मचारी पारीश्रमिक | ७३९५० |
| ४३२/असार | गाउँ सभा संचालनार्थ कर्मचारी भत्ता | ३०६०० |
| ३७५/२०७५/११/२९ | नीति तथा कार्यक्रम तर्जुमा कर्मचारी प्रोत्साहन भत्ता | ६१८५१ |
| | घुम्ती वैठक वसे वापतको वैठक भत्ता | ५६१०० |
| **जम्मा** | | **२,२२,५०१/-** |
| **कुल जम्मा** | | **२३,६३,३२१/-** |

४६. **सूचना प्रकाशन :** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालीकाले विभन्न पत्र पत्रिका र एफ.एम हरुमा सूचना मुलक सन्देश,समाचार र सुभकामना सन्देश प्रसारण वापत निम्नानुसार रु.७,७९,०००/-खर्च लेखेको छ । खर्चको पुष्ट्याईको लागि आवश्यक पर्ने कार्यालयले सुचना प्रकासनको लागि दिएको अर्डर स्लीप,सम्वन्धित पार्टिले सुचना प्रकाशन गरेको समय सहितको ब्रोडकास्टिङ सर्टिफिकेट पेश भए नगरी सम्झौताको आधारमा खर्च लेखेकोले खर्च पुष्टि नभएको रकम अनियमित देखिएको रु. ७,७९,०००/-

| **भौ.नं.,मिति** | **सूचना प्रकासक** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ३४८/२०७६/३/११ | साइपाल एफ.एम | ४५०००० | बर्षभरी सुचना विज्ञापन प्रसारण |
| ३४६/२०७६/३/११ | कैलास न्यूज सेन्टर | १९००० | सुभकामना सन्देश |

| | | | |
|---|---|---|---|
| ३४४/२०७६/३/२७ | जनमुखी एफ.एम | १००००० | सूचना प्रकासन |
| ३७० क २०७६/३/१७ | रेडियो खप्तड आवाज | १००००० | भौचर मात्र उठाइ खर्च गरेको |
| ३९१/२०७६/३/१७ | सेती सामुदायिक एफ.एम | ५०००० | सूचना प्रकासन |
| ४३६/२०७६/३/२९ | र्‌डियो सुदुर आवज | ६०००० | सुचना प्रकासन |
| **जम्मा** | | **७,७९,०००/-** | |

४७. **सुचनाको पुर्णता :** ४१४/२०७६/३/२५ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ। गाउँपालीकाले अडर स्लीप विना सौर्य दैनिकमा मिति २०७६।३।१७ मा जालेश्वर देखि भण्डारी गाउँसम्मको सिंचाई कुलो र खोला भेरा गरेलधुम हुदै जयपृथिवि नगर सम्मको कृषि सडक निर्माणको लागि टेण्डर सुचना प्रकासन गरेको भनि रु. ९८,१९५/- खर्च लेखेको छ । सामान्य तया एउटा वोलपत्र सुचनाले पुर्णता पाउन ३० दिनको सुचना ७ दिनको आशय पत्र र ७ दिन भित्र सम्झौता गरी अधिकतम ४४ दिन लाग्ने देखिन्छ । गाउँ पालिकाले १७ गते सुचना प्रकासन गरेको छ । यसरी नियम प्रक्रिया पुरा गर्दा असारको बाँकी १४ दिनमा नसकिने भए पस्चात सुचना रद्ध गरी कारवाही अगाडी वढाएको छैन । कार्यालयबाट लेखापरीक्षणको समयमा प्राप्त प्रतिक्रिया अनुसार शशर्त समपुरक अनुदानको रकम फ्रिज हुन लागेकोले असारमा सुचना प्रकासन गर्नु परेको प्रतिक्रिया प्राप्त भएको छ । यसरी खर्चको औचित्य पुष्टि नहुने अवस्था स्पष्ट हुंदा हुंदै सरकारी रकम दुरुपयोग हुने गरी सुचना प्रकासन गरी खर्च लेखेको देखिएकोल यस्तो कार्य गर्ने सम्वन्धित पदाधिकारी लाई जिम्मेवार वनाई असुल हुनु पर्ने रु. — ९८,१९५/-

४८. **भ्रमण विल विनाको भुक्तानी :** भ्रमण खर्च नियमावली २०६४ को दफा १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता लिन भ्रमणको विल,हवाई टिकट लगायत अन्य प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । गाउँपालीकाले निम्न पदाधिकारीहरुको भ्रमण खर्च पुष्टिको लागि बोडिङ्ग पास लगायतको अवस्यक प्रमाण वेगर भुक्तानी गरेको देखिएकोले आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. — १९,६००/-

| **भौ.नं.र मिति** | **भ्रमण गर्नेको नाम** | **स्थान र मिति** | **मिति** | **विल रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ५६/२०७५/६/२३ | विकास कुमार ऐडी | धनगढी देखि काण्माडौ | जुलाई २५ २०१८ | ९८०० | बोडिङ्ग पास नभएको |
| १०९/२०७५/९/१२ | विकास ऐडी | धनगढी देखि काण्माडौ | अगष्ट ३ २०१८ | ९८०० | बोडिङ्ग पास नभएको |
| **जम्मा** | | | | **१९६००** | |

४९. **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरीक लेखा परीक्षणगरी मिति २०७६/५/३० मा प्रतिवेदन दिएको छ । आन्तरिक लेखापरीक्षणवाट औल्याईएका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औल्याईएको वेरुजू फछ्र्यौट गरिनु पर्दछ ।

५०. **विल भपाई वेगरको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाले अध्यन अवलोकन भ्रमण लगायतमा निम्नानुसार खर्च दावि गरेकोमा प्राप्त विलभर्पाई तथा फांटवारीको परीक्षण हुंदा देहाय वमोजिम विल भर्पाई भन्दा वढी खर्च दावि गरेको,अ आवश्यक प्रमाण नभएको अवस्थमा समेत खर्च लेखेको — १५८३९०/-

देखिएकोले वढी खर्च दावि गरेको अथवा प्रमाण वेगरको खर्च असुल हुनु पर्ने रु

| गो.भौ.नं. र मिति | खर्च विवरण | भुक्तानी लिने | खर्चलेखेको रकम | विल अनुसारको रकम | वढी खर्च लेखेको रकम |
|---|---|---|---|---|---|
| | भिलेज प्रोफाईल वापत | विनयकलौनी | ३०००००.० | २६८५८०.० | ३१४२०.०० |
| | वडा नं.६ टोल सुधार | वडा स.रमेश वुढा | १९८६०८ | ९१३६८ | १०७२४०. |
| | गाडि रिजर्भ | राधिका कु.रतलाजोशी | ५५००० | ४०००० | १५०००.० |
| | दैनिक भत्ता | सहायक क.अ. | | | ४७३०.०० |
| | | जम्मा : | | | १५८३९०/- |

५१. **परामर्श सेवा :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ मा सार्वजनिक निकायले २० लाख भन्दा घटीको परामर्श सेवा ऐनको दफा ६ (क) वमोजिमको मौज्दा सुचिमा रहेका परामर्शदाता वाट लिखितरुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था भएकोमा यस गाउँपालिकाले सो वमोजिमको प्रकृया अवलम्वन नगरी वडा नं २ का गौरवको गुरुयोजना तयार वापत वडा अध्यक्ष विकास अयडीले विनायक स्टडी रिसर्च सेन्टरमार्फत सोझै वार्तावाट रु १५,००,०००।-को परामर्श सेवा लिएको अनियमित देखिएको रु — १५,००,०००/-

५२. **खर्च पुष्ट्याई नभएको**:आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकावाट निम्नानुसारको भुक्तानी खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा देहायअनुसार खर्च पुष्टि नभएको रकम असुल हुनु पर्ने देखिएको रु — ९,४२,०१०/-

| गो.भौ.र मिति | खर्च विवरण | सम्वन्धित व्यक्ती,निकाय | खर्चलेखेको रकम | खर्च पुष्टी नभएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | अतिरिक्त कृयाकलाप | जनप्रिय मा.वि | ३०००० | ३०००० | कार्यक्रम संचालनको प्रमाण नभएको |
| | संपदा अध्यन लेखन | कैलाश मिडिया | ६००००० | ५९२०३५ | किताव पेश नभएको |
| | घाईते राहत वितरण | व.स. रमेश वुढा | ५०००० | ५०००० | लक्षीत व्यक्तीको आधार नभएको |
| | भ्रमण खर्च | पदम व.मण्डेल | १७५०० | ५२०० | ०७५।५।२ र ५ को प्लेन टिकट र वोर्डिङ पास नभएको |
| | विपद व्यवसथापन खर्च | वडा नं. ७ | २५०००० | २५०००० | मुचुल्का र विल भर्पाई छैन । |
| | प्रकाशन वापत | रमेश के.सी. | १४७७५ | १४७७५ | युगशास्त्र दैनिकको कर विजक नभएको |
| | | जम्मा : | | ९४२०१०/- | |

५३. **अग्रिम कर, र पारिश्रमिक कर** :आयकर ऐन २०५८ को दफा ८८ अनुसार निम्नानुसारको भुक्तानीमा तोकिएको दरमा कर कटाई नियमानुसार दाखिला गर्नु पर्नेमा सो वमोजिम दाखिला नगरेको देखिएकोले देहाय अनुसार असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु — १८,४९५/-

| गो.भौ र मिति | भुक्तानी विवरण | भुक्तानी पाउनको नाम | भुक्तानी रकम | करको दर | असुल हुनु पर्ने रकम |
|---|---|---|---|---|---|
| | भिलेज | विनयकलौनी | ३००००० | | १५७९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रोफाईल | | | | |
| | प्रतिवेदनवापत | विक्रम व.सिंह | ८००० | १५ | १२०० |
| | प्रशिक्षक भत्ता | राधिका कु.रतलाजोशी | ३००० | १५ | ४५० |
| | प्रशिक्षक भत्ता | ६ नं.वडा अध्यक्ष | ३००० | १५ | ४५० |
| | प्रशिक्षक भत्ता | व.स.रमेश वुढा | २००० | १५ | ३०० |
| | प्रशिक्षक भत्ता | ख.धन वोहोरा | २००० | १५ | ३०० |
| | | जम्मा : | | | १८४९५/- |

५४. **दैनिक भत्ताको आधार पेश नभएको :** भ्रमण खर्च नियमावली २०६४को नियम ७ मा अनुसूचि २ मा उल्लेखित दरमा दैनिक भ्रमण भत्ता भुक्तानी खर्च लेख्न पाउने व्यवस्था छ। आईं.टि. अफिसर सत्यराज थापालाई अध्ययन अवलोकन भ्रमणको लागी रु १0,00,000।- पेश्की उपलब्ध गराएकोमा सो पेश्की फछ्र्यौटमा संलग्न फाँटवारीको परीक्षणमा विभिन्न ४१ जना कर्मचारी एवं पदाधिकारी हरुलाई दैनिक प्रथम तहको रु २,000।-को दरले रु ५,७४,000।-खर्च दावि गरेकोमा सवै लाई  प्रथम तहको दैनिक भत्ता दिने कानुनी आधार नदेखिएको र सो कार्यक्रमको खर्च पुष्ट्याईको  लागि भ्रमण टोलीको नामावली र खटाउने निर्णय, खर्चको आवस्यक विल भपाई र भ्रमण प्रतिवेदन समेत पेश हुन नआएकोले सो खर्च पुष्टि हुने प्रमाण पेश हुनु पर्ने अन्यथा सम्वन्धित पदाधिकारी लाई जिम्मेवार वनाई असुल हुनु पर्ने रु

१०,००,०००/-

५५. **अवास्तविक कर विजक** : मुल्य अभिवृद्दि कर ऐन २०५२ तथा नियमावली २०५३ अनुसार सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको दर्ता नं. उल्लेख भएको कर विजक जारी गरेको आधरमा मात्र मु.अ.कर संकलन गर्न पाउने व्यवस्था गरेको छ । यस गाउँपालिकाले निम्नानुसारको भुक्तानी हुंदा पेश भएको कर विजक नियमानुसार करमा दर्ता भएको नपाईएको र कर विजकनै पेश नगरेको अवस्थामा समेत मु.अ.कर वापत १३ प्रतिशत रकम थप गरी दिएको देखिएको देखियो । यसरी वास्तिविक कर विजक वेगर मु.अ.कर असुल गर्ने र भुक्तानी दिने व्यक्तीलाई जिम्मेवार वनाई नियमानुसार लाग्ने जरीवाना समेत असुल हुनु पर्ने रु

| गो.भौ.र मिति | खर्च विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी भएको मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|
| | क्यालेण्डर प्रकाशन | साईपाल मिडिया | १३५६००.० | दर्ता नभएकोनक्कली करविजक विल नं ०४।०७६।१।१९वाट भुअ.कर १५६०० समेत भुक्तानी |
| | सामान खरिद | व.स.सुरेश वोहोरा मार्फत | १५९६०.०० | दर्ता नभएको विल पेश गरेको आधारमा रु १२२७७० । को खरिद |
| | प्रकाशन | रमेश के.सी | ९६८९२.०० | पाथिभेरा मिडिया हाउसको नककली विल पेश विल नं.१४४।३०८०१०००५ वाट |
| | | जम्मा : | २४८४५२/- | |

२,४८,४५२/-

५६. **वहाल कर दाखिला नगरेको :** :आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानीमा श्रोतमानै १० प्रतिशत कर कटाई दाखिला गर्नु पर्ने व्यवस्था गरेकोछ । एक घर एक करेसाबारी गौरबको योजना उ.स अध्यक्ष हिरा बहादुर अयडीले लिएको  रु १३,००,०००/- लाख पे.फ.तथा भुक्तानी हुंदा निजले भाडा भुक्तानीमा कटाएको वहाल कर रु ८,४००/- दाखिला गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु

८,४००/-

५७. **खरिद व्यवस्था :** मटेला स्वा. चौकी सामुदायिक स्वास्थ्य इकाई केन्द्र व्यवस्थापन बापत विभिन्न समानहरु खरिदमा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली विपरित रु १,१३,०००/- को फनिर्चर र रु १,९०,४०५/- अन्य सामाग्री समेत जम्मा रु ३,०३,४०५।-को खरिद गर्दा कम्तीमा ३ तिन वटा फर्म संग खुल्ला दरभाउ पत्र माग गरि खरिद गर्नु पर्नेमा सोनगरी सोझै खरिद गरेकोले अनियमित देखिएको रु

३,०३,४०५/-

५८. **नपाउने अनुगमन भत्ता :** भ्रमण खर्चनियमावली २०६४ को नियम ७(८)मा १५ किलो मिटर भित्रको भ्रमणमा दैनिक भत्ता नपाउने व्यवस्था गरेको छ । वडा नं. २ का वडा अध्यक्ष विकास ऐडी ले कक्षा आठको परिक्षा अनुगमन गर्न भनी मिति २०७५/११/२७ देखि

| | | |
|---|---|---|
| | २०७५/११/०२ सम्म गाउपालिका उपाध्यक्ष श्री राधिका कुमारी रताला जोशी बाट भ्रमण आदेश स्वीकृत गरी भ्रमण विल रु.७,३५०/- भुक्तानी लिएको र सोहि मिति मा गाउपालिका अध्यक्ष श्री अक्कल बहादुर धामी बाट भ्रमण आदेश स्वीकृत गरी रु ८,७५०। भुक्तानी लिएको पाइयो आफ्नै गाउपालिका भित्र बास नबस्नु पर्ने ठाउँमा पनि कक्षा ८ को परिक्षा अनुगमन भनी गो.भा.नं.२४२ र गो.भा.नं ३४२ बाट गरी इन्धन खर्च रु ३१४७० र दै.भ्र.भ. रु.७९३००. भुक्तानी लिएको पाइयो भ्रमण आदेश दोहोरो पारी स्वीकृत गरेको र बास नबस्नुपर्ने र आफ्नै गाउपालिका भित्र परिक्षा अनुगमन गरेकोमा इन्धन खर्च को अतिरिक्त नपाउने दै.भ्र.भ. दोहोरो सुविधा लिएकोरु.७९३००/- असुल उपर हुनुपर्ने रु. | ७९,३००/- |
| ५९. | **दोहोरो भुक्तानी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।यस गाउँपालिकाले २०७५।१२।२९ को आर्थिक दैनिकमा नव वर्षको शुभकामना प्रकाशन वापत गो.भौ. नं. २९८ वाट कैलाश एण्ड एडभरटाईजलाई रु १४,२८२।-भुक्तानी दिएकोमा सोही सुचना प्रकाशन वापत सोही मितिमा सोही मिडियालाई गो.भौ. नं. ३४६ वाट रु १९,०००।-भुक्तानी गरेको देखाई खर्च दावि गरेको देखिएकोले दोहोरो खर्च दावि गरेको रु १९,०००।- सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने रु | १९,०००/- |
| ६०. | **सेवा प्रवाह स्थिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिका,नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले गाउँपालीकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा गाउँपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ । | |
| ६१. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कायालयले यो वर्ष न्यायिक समितिमा १५ वटा उजुरी परेकोमा १४ मेलमिलाप भएको र १ सम्वन्ध विच्छेदको मुद्दा अदालतमा लेखी पठाएको छ । | |
| ६२. | **पेश्की वाँकी :**आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले उक्त नियम अनुसार असुल फछ्र्यौट गर्नु पर्ने रु. | ४०,२८,२८८/- |

| सि.नं. | मिति | पेशिक लिनेको नाम | यस बर्षको पेशिक |
|---|---|---|---|
| १ | | स्वास्थ्य संयोजक अम्मर वहादुर थापा | ६८५६०.०० |
| २ | | स्वास्थ्य सह संयोजक तुलसी धामी | ४५५००.०० |
| ३ | | शान्ता मा.वि चौघनपाटा | ५१६०००.०० |
| ४ | | सिया देवि निर्माण सेवा | ६५९३६४.०० |
| ५ | | जनसेवा कन्स्ट्रक्सन | ६५९३६४.०० |
| ६ | | पुस्पा थापा | १०००००.०० |
| ७ | | तल्लो भण्डारी गाउ सिंचाई कुलो | १७५०००.०० |
| ८ | | झुटेरा दान्ना शाखा सडक | ६०००००.०० |
| ९ | | सडगाला कृषक समूह वडा नं १ | ६०००००.०० |
| १० | | सुर्मा देवि कन्ट्रक्सन | ६०४५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | | | **४०,२८,२८८/-** | |

| | | |
|---|---|---|
| ६३. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |

| गत वर्षको वेरुजू रकम (रु हजारमा) .A | यो वर्ष फछ्र्यौट (B | वाँकी (C=A-B) |
|---|---|---|
| २१९९८ | ० | २१९९८ |

गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ सम्मको बेरुजुको लगत राखेको छैन भने लेखापरीक्षणको समयमा वेरुजु फछ्र्यौट गरी संपरीक्षणको लागि अनुरोध गरेको छैन । ऐन वमोजिम फछ्र्यौट गर्न वाँकी सम्पूर्ण वेरुजू रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

लेखापरीक्षणको क्रममा  औल्याईएपछि वर्षान्तसम्म दाखिला गर्न वाँकी पारिश्रमिक कर र अग्रीम आय कर वापतको रकम रु.२७,५८२। दाखिला भएको प्रमाण पेश भएको छ ।

अनुसूची- १

## जयपृथिवि नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| छविसपाथिभेरा गाउँपालिका | बझाङ | ४०२५७ | १०८५०८ | १५७१५४ | ९३६१५ | ३५९२७७ | २४२३८१ | ११२४४५ | २० | ३५४८४६ | ४४६८८ |

अनुसूची– १

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपर्ने | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोध भनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बझाङ | छविसपाथि भेरा | २१ | ४३ | ४०४४९ | ० | १ | १७४३ | २१ | ४२ | ३८७०६ | ८४३५ | २०३५४ | ५८८९ | | | **२६२४३** | २१४ | ३८१४ | ४०२८ |

अनुसूचि -३

### अद्यावधिक वेरुजू स्थिति
### २०७५।७६

(रु.हजारमा)

| क.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | छविस पाथिभेरा गाउँपालीका | बझाङ | २१९९८ | ० | २१९९८ | ० | ३८७०७ | ६०७०४ |